DAILY NEWSLETTER

As of FEB 23, 2026

सर्वगुण Investor's Club

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

नेप्से मा मध्यम कारोबारसहित हरियो बन्द, बजारको दिशा अनिश्चित

नेप्से परिसूचक आज ६ अंकको सामान्य सुधारसहित **२६१६ अंकमा हरियो क्यान्डल बनाउँदै बन्द** भएको छ। दिनभरको कारोबार विश्लेषण गर्दा बजारले सुरुवाती चरणमा सकारात्मक संकेत देखाए पनि उक्त उत्साह टिकाउ बन्न नसक्दा समग्र प्रवृत्ति अझै कमजोर रहेको देखिएको छ।कारोबार सुरु भएपछि लगानीकर्ताको खरिद चासो बढ्दा परिसूचक उकालो लाग्दै **२६३० अंकसम्मको इन्ट्राडे उच्च स्तर** कायम गर्न सफल भएको थियो। सुरुवाती समयमा देखिएको यो वृद्धि बजारमा छोटो समयका लागि सकारात्मक मनोविज्ञान देखिएको संकेत भए पनि सो स्तरमा बिक्री दबाब बढ्न थालेपछि बजारले निरन्तरता पाउन सकेन। त्यसपछि परिसूचक क्रमशः घट्दै **लोअर–लो संरचना** बनाउँदै दिनको न्यूनतम **२६१० अंकसम्म** झरेको थियो।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा Below छ ।
MACD	नेप्सेमा हाल MACD मा Buying (Weak) देखिएको छ ।
RSI	RSI 36 पुगेको देखिन्छ ।

Support	2580
Resistance	2680

प्राविधिक दृष्टिकोणबाट हेर्दा, बजार अझै पनि **लोअर–लो र लोअर–हाइको संरचना** भित्र रहेको संकेत देखिन्छ। यसले छोटो अवधिमा बजारको प्रवृत्ति पूर्ण रूपमा सकारात्मक भइसकेको छैन भन्ने देखाउँछ। हरियो क्यान्डल बने पनि सूचकले महत्त्वपूर्ण प्रतिरोध क्षेत्रहरू पार गर्न नसक्नु तथा उच्च स्तरमा टिक्न नसक्नुले बजारमा बिक्री दबाब अझै सक्रिय रहेको संकेत गर्छ।

हालको बजार अवस्थाले **fresh entry (नयाँ लगानी)** का लागि स्पष्ट संकेत दिएको मान्न सकिँदैन। लगानीकर्ताले बजारमा स्थिर उकालो ट्रेन्ड, उच्च स्तरमा टिकाउ बन्द तथा बढ्दो कारोबार भोल्युम जस्ता संकेतको प्रतीक्षा गर्नु उपयुक्त देखिन्छ। जबसम्म बजारले बलियो ब्रेकआउटसहित उच्च स्तरमा निरन्तरता देखाउँदैन, तबसम्म बजारको समग्र मनोभाव सतर्क र अनिश्चित रहने सम्भावना रहन्छ।